# आर्थिक बर्ष २०८१।०८२को

# बार्षिक बजेट तथा कार्यक्रम

## बित्थडचिर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### देउलेख, बझाङ

२०८१

"कृषि, पर्यटन र पूर्वाधार विकास, समृद्ध बित्थडचिरको आधार"

www.bitthadchirmun.gov.np

सभाध्यक्ष महोदय,

गाउँसभाका सदस्य ज्यूहरु, उपस्थित बिभिन्न राजनीतिक दलका जिम्मेवार प्रतिनिधि ज्यू, बिभिन्न तह र तप्कामा रही कार्यरत सम्मानित व्यक्तित्वहरु, राष्ट्रसेवामा समर्पित राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी मित्रहरु, उपस्थित पत्रकार महानुभावहरु, नागरिक समाज साथै सम्मानित बित्थडचिर वासी आम जनसमुदायहरु,

यस बित्थडचिर गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले तेस्रो पटक यस सम्मानित गाउँ सभामा आ.व. २०८१।८२ को बजेट बक्तव्य पेश गर्न पाउँदा हर्षित भएकी छु। राजनीतिक रुपमा देशले ऐतिहासिक फड्को मारेको अवस्थामा स्थानीय शासन र बिकाश निर्माणमा प्रत्यक नागरिक आफै संलग्न हुने वातावरण बनेको छ। अब यो समय लाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना अनुरुप अबको हाम्रो बाटो भनेको जनताको जीवनमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउनु हो।

बिगत ३ बर्ष देखि आजका मिति सम्म गाउँपालिकाको आर्थिक सामाजिक तथा भौतिक बिकाशमा टेवा पुऱ्याउनु हुने सभाका सबै सदस्यहरुलाइ हृदय देखिनै धन्यबाद दिदै बाँकि कार्यकाल सफल, सुनौलो र जनप्रिय बनोस भन्ने कामना गर्दछु।

मुलुक संघीय सासन प्रणालीमा गए पश्चात जारी नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले गरेको संवैधानिक व्यवस्था अनुरुप भयको स्थानीय तहको ऐतिहासिक दोस्रो निर्वाचन बाट निर्वाचित गाउँसभामा गाउँपालिकाको दोस्रो निर्वाचित स्थानीय सरकारको तेस्रो बार्षिक कार्यक्रम तथा बजेट यहाहरु माझ लिएर उपस्थित भयकी छु। यस विशिष्ट अवसरमा राज्य लाई आजको अवस्था सम्म ल्याई पुर्याउन समयको बिभिन्न काल खण्डमा देश निर्माण तथा राज्य व्यवस्था परिवर्तनका लागि आफ्नो अमूल्य जिवन समर्पण गर्ने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु। साथै बेपत्ता तथा घाईतेहरु र निजहरुका आश्रित परिवारजनहरु प्रति समेत उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण बित्थडचिर वासी आम जनताहरु प्रति हार्दिकता पूर्वक सम्मान व्यक्त गर्दछु।

वित्थडचिर गाउँपालिकाको बिकाश सर्वाङ्गीण विकाशको ढाचामा अघि बढि रहेको छ। सबै पालिकावासी जनाताको लागि आधारभुत शिक्षा, आधारभुत स्वास्थ्यको सुबिधा, खानेपानीको आपुर्ति र आवास जस्ता अत्यावश्यक आवश्यकताहरुको उपलब्धता गराउनु गाउँपालिकाको प्रमुख ध्येय रहेको छ।

सभाका सदस्य ज्यूहरु,

श्रद्धेय सभाध्यक्ष महोदय, सम्मानित गाउँसभामा पेश भएको बित्थडचिर गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को नीति तथा कार्यक्रममा उल्लेखित वर्तमान स्थानीय सरकारको लक्ष्य तथा उद्देश्य अनुरुपका कार्यक्रमहरु लाई मूर्त रुप दिन तथा कार्यान्वयन गर्न आर्थिक बर्ष २०७९।०८० को यथार्थ बजेट, आर्थिक बर्ष २०८०।०८१ को शंसोधित बजेट र आर्थिक बर्ष २०८१।०८२ को अनुमानित बजेट यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**अव म आ.व. २०७९।०८० को यथार्थ आय व्ययको विवरण यस सम्मानित सभामा प्रस्तुत गर्दछु ।**

| क्र. स. | बजेट स्रोत | जम्मा बजेट |
|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान संघ सरकार | १० करोड ४४लाख ३२हजार ५सय |
| २ | सशर्त अनुदान संघ सरकार | २१ करोड ८६ लाख ५० हजार ४ सय ५ |
| ३ | विषेश अनुदान संघ सरकार | ५५ लाख |
| ४ | समपुरक अनुदान संघ सरकार | ७० लाख |
| ५ | राजश्व बाँडफाँड संघ सरकार | ६ करोड ५० लाख २६ हजार १ सय ७६ |
| ६ | वित्तीय समानीकरण अनुदान प्रदेश सरकार | ८० लाख ७७ हजार |
| ७ | विषेश अनुदान प्रदेश सरकार | २५ लाख |
| ८ | समपुरक अनुदान प्रदेश सरकार | ७४ लाख ६५ हजार |
| ९ | राजश्व बाँडफाँड प्रदेश सरकार | १३ लाख ६२ हजार |

| | | |
|---|---|---|
| १० | गत वर्षको अल्या रकम | १ करोड ६६ लाख ७८ हजार ७ सय २९ |
| ११ | आन्तरिक आय | २३ लाख ५२हजार ३ सय ३१ |
| १२ | सामाजिक सूरक्षा तर्फ | १० करोड १ लाख २४हजार |
| १३ | प्रशासनिक भवन निर्माण | १ करोड १५ लाख |
| १४ | यूनिसेफ कार्यक्रम | ११ लाख ५० हजार ५ सय ४१ |
| १५ | एकिकृत स्वास्थ्य पुर्वाधार बिकाश कार्यक्रम | २ करोड ३७ लाख ५२ हजार |
| | **जम्मा आम्दानी तर्फ** | **५७ करोड ५५ लाख ७० हजार ६ सय ८२** |
| | **जम्मा खर्च तर्फ** | **५४ करोड ५१ लाख ७ हजार ८ सय १९** |
| | **बैङ्क मौज्दात** | **१ करोड ५१ लाख ४७ हजार ९ सय ६८** |
| | **निकाशा फिर्ता** | **१ करोड ५३ लाख १४ हजार ८ सय ९५** |

**अव म आ.व. २०८०।०८१ को शंशोधित आय व्ययको विवरण यस सम्मानित सभामा प्रस्तुत गर्दछु।**

| **क्र.स.** | **बजेट स्रोत** | **जम्मा बजेट** |
|---|---|---|
| १ | वित्तीय समानीकरण संघ सरकार | ९ करोड ३२ लाख ७९ हजार |
| २ | सशर्त अनुदान संघ सरकार | १७ करोड ८१ लाख ८ हजार ७ सय ८० |
| ३ | विषेश अनुदान संघ सरकार | ५० लाख |
| ४ | समपुरक अनुदान संघ सरकार | ५० लाख |
| ५ | राजश्व बाँडफाँड संघ सरकार | ६ करोड ६१ लाख ९८ हजार ८ सय १२ |
| ६ | वित्तीय समानीकरण प्रदेश सरकार | ८५ लाख २६ हजार |
| ७ | राजश्व बाँडफाँड प्रदेश सरकार | १३ लाख ६९ हजार ७ सय ८८ |
| ८ | शशर्त अनुदान प्रदेश सरकार | ३८ लाख ५० हजार |

| | | |
|---|---|---|
| ९ | आन्तरिक आय | २३ लाख ८१ हजार २ सय ८७ |
| १० | सामाजिक सूरक्षा तर्फ | १० करोड ३२ लाख २० हजार |
| ११ | प्रशासनिक भवन निर्माण | ५० लाख |
| १२ | एकिकृत स्वास्थ्य पुर्वाधार बिकाश कार्यक्रम | २ करोड ९९ लाख ५१ हजार ३ सय ८० |
| १३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १० लाख ६० हजार |
| १४ | पर्यटन पुर्वाधार आयोजना | ५७ लाख ३९ हजार ६ सय ४ |
| १५ | अन्य अनुदान | ४१ लाख ३७ हजार ४ सय ६३ |
| १६ | गत बर्षको अल्या | १ करोड ५१ लाख ४७ हजार ९ सय ६८ |
| | **जम्मा आम्दानी तर्फ** | **५२ करोड ७९ लाख ७० हजार ८२** |
| | **हाल सम्मको जम्मा खर्च तर्फ** | **४८ करोड १२ लाख २५ हजार २ सय २६** |
| | **बैङ्क मौज्दात** | **२ करोड ६ लाख २३ हजार ४ सय २६** |
| | **निकाशा फिर्ता (सुत्र र सिग्यास )** | **२ करोड ६१ लाख २१ हजार ४ सय ३०** |

**अव म आ.व. २०८१।०८२ को अनुमानित आयको विवरण यस सम्मानित सभामा प्रस्तुत गर्दछु।**

| **क्र.स.** | **बजेट स्रोत** | **जम्मा बजेट** |
|---|---|---|
| १ | वित्तीय समानीकरण संघ सरकार | १० करोड ३ लाख |
| २ | सशर्त अनुदान संघ सरकार | १९ करोड ९६ लाख ४३ हजार |
| ३ | विषेश अनुदान संघ सरकार | ८० लाख |
| ४ | राजश्व बाँडफाँड संघ सरकार | ८ करोड २४ लाख ९९ हजार ९ सय ९९ |
| ५ | वित्तीय समानीकरण प्रदेश सरकार | ९० लाख ८५ हजार |
| ६ | शसर्त अनुदान प्रदेश सरकार | ३४ लाख ३० हजार |
| ७ | बिषेश अनुदान प्रदेश सरकार | ६० लाख |
| ८ | समपुरक अनुदान प्रदेश सरकार | ८४ लाख ५० हजार |
| ९ | राजश्व बाँडफाँड प्रदेश सरकार | १४ लाख ५६ हजार |

| | | |
|---|---|---|
| १० | आन्तरिक आय | ३० लाख |
| ११ | सामाजिक सूरक्षा तर्फ | १४ करोड |
| १२ | अन्य संघ संस्थाबाट प्राप्त अनुदान | २७ लाख |
| | **आ.व. २०८१।०८२ को कुल आय अनुमान** | **५६ करोड ४५ लाख ६३ हजार ९ सय ९९** |

श्रद्धेय अध्यक्ष महोदय, अब म माथि उल्लिखित आगामी आ.व. २०८१।०८२ को अनुमानित कुल बजेटमा चालु तर्फ रु २७ करोड २८ लाख ६० हजार ७ सय १९ र पुँजिगत तर्फ रु १५ करोड १७ लाख ३ हजार २ सय ८०, संघीय सरकार बाट प्राप्त हुने सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु १४ करोड खर्च प्रस्ताव गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

आगामी आ.व. २०८१।०८२ को लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले गरेको निर्णयानुसार तपसिल बमोजिमको बिनियोजित बजेट पेश गर्दछु।

| **क्र.स.** | **विवरण** | **प्रस्तावित बजेट** |
|---|---|---|
| १ | संघ तथा प्रदेश समपुरक अनुदानका आयोजना | ८४ लाख ५० हजार |
| २ | बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु सँग समन्वय म्याचिङ फन्ड | २७ लाख |
| ३ | सडक पुर्वाधार विस्तार | २० लाख |

अव म विषयगत तथा क्षेत्रगत रुपमा गरियको बजेट विनियोजन यस सम्मानित सभामा पेश गर्दछु ।

| **क्र.स.** | **विवरण** | **प्रस्तावित बजेट** |
|---|---|---|
| १ | शिक्षा क्षेत्र | २ करोड ९१ लाख ३५ हजार |
| २ | कृषि तथा पशु बिकाश | १४ लाख ५० हजार |

| | | |
|---|---|---|
| ३ | स्वास्थ्य सेवा | १ करोड ५७ लाख २१ हजार |
| ४ | वन वातावरण तथा विपद व्यवस्थापन | १५ लाख |
| ५ | महिला बालबालिका तथा जेष्ठ नागरिक | ८ लाख |

सभाध्यक्ष ज्यु, यस गाउँपालिका अन्तर्गतका ९ वटै वडाहरुमा वडा न. १ लाई ३५लाख, वडा नं २ देखि ८ सम्म प्रति वडा रु ३० लाख र वडा न. ९ लाई रु ३६ लाख १२ हजारका दरले जम्मा रु २ करोड ८१ लाख १२ हजार वडा विकास कार्यक्रमका लागि विनियोजन गरेको व्यहोरा सम्मानित सभालाई जानकारी गर्दछु ।

राजश्व बाँडफाँड बाट प्राप्त हुने अनुमानित रकम रु. ८ करोड ३९ लाख ५५ हजार ९ सय ९९चालु खर्च तर्फ विनियोजन प्रस्ताव गरेकी छु ।

श्रद्धेय सभाध्यक्ष मोहदय, अब म माथि उल्लेखित आ. व. २०८१।०८२ को बजेट तथा कार्यक्रम कार्यन्वयनका लागि तपशिल बमोजिमका विधेयकहरु यस सम्मानित सभामा पेश गर्दछु।

१. बित्थडचिर गाउपालिकाको आर्थिक विधेयक -२०८१
२. बित्थडचिर गाउपालिकाको विनियोजन विधेयक -२०८१

साभाध्यक्ष ज्यु तथा गाउँ सभा सदस्य ज्युहरु, यस बित्थडचिर गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि मैले पेश गरेको बजेट सिंङ्गो बित्थडचिर गाउँपालिकाको विकाशका लागि साबित हुनेछ। यस गाउँपालिकाको समाजिक, आर्थिक, भौतिक लगायत सम्पूर्ण क्षेत्रको बिकासमा सुधार भइ जनताको जनजीविकाको सवालमा उल्लेखनीय परिवर्तन हुनेछ र दुर दराजका जनताले स्थानीय सरकारको प्रभावकारि उपस्थिति महसुस गर्नेछन् भन्ने विश्वास लियकी छु। प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधि, आम गाउँपालिका वासी तथा सरोकारवाला सबै बाट सकारात्मक सहयोग तथा रचनात्मक सुझाव र सल्लाहको अपेक्षा समेत गरेकि छु।

प्रस्तुत बजेट तयार पार्न मार्ग-निर्देश गर्नु हुने आदरणीय अध्यक्ष ज्यु। सहयोग गर्नु हुने सम्पूर्ण वडा अध्यक्ष ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु, कार्यपालिका अन्तर्गतका बिभिन्न विषयगत समितिका संयोजक तथा सदस्य ज्युहरु, गाउँपालिकाका शाखा प्रमुख कर्मचारी मित्रहरु, स्थानीय समाजसेवि बुद्धिजीवि लगायत आम बित्थडचिर वासी नागरिकहरुमा हृदय देखिनै आभार ब्यक्त गर्दछु साथै धन्यवाद समेत दिन चाहन्छु।

**धन्यवाद ।**

धनलक्ष्मी कुमारी सिंह मल्ल

उपाध्यक्ष